# <u>मेरो कक्षा मेरो समाधान कार्यक्रम मापदण्ड २०८२</u>

१.पृष्ठभूमि:

गौरीशंकर गाउँपालिकाभित्रका विध्यालयहरुमा अङ्ग्रेजी, विज्ञान र गणित विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा देखिएको चुनौतीलाई समाधान गर्न शिक्षकलाई नै नवप्रवर्तनकर्ता बनाउने उद्देश्यले मेरो कक्षा मेरो समाधान कार्यक्रम शैक्षिक सत्र २०८३ मा सञ्चालन गरिनेछ। यस कार्यक्रमले शिक्षकको अनुभव, सिर्जनशीलता र कक्षा-आधारित समाधानलाई प्रोत्साहन गर्ने मुख्य उद्धेश्य रहनेछ भने गौरीशंकर गाउँपालिका भित्रका अङ्ग्रेजी,विज्ञान र गणित विषयका शिक्षकहरुको क्षमता अभिवृद्धि,सिकाईमा नवप्रवर्तनकारी प्रयोग तथा कक्षाकोठामा नविनतम सिकाई प्रक्रिया लागु गर्नु पनि मुख्य उद्धेश्य रहनेछ।

२. उद्देश्यहरू

यस कार्यक्रमको मुख्य उद्धेश्य निम्नबमोजिम रहेका छन :

- विद्यार्थीहरूको सिकाइ स्तरमा मापनयोग्य सुधार ल्याउनु
- शिक्षकमा नवीन शिक्षण विधि विकास गर्नु
- कक्षा-आधारित समस्या समाधान प्रणाली विकास गर्नु
- विद्यालयहरूमा सक्रिय, सहभागी र प्रयोगात्मक सिकाइ वातावरण सिर्जना गर्नु

३. कार्यक्रमको दायरा

लागू हुने क्षेत्र: गौरीशंकर गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालय

विषय: अङ्ग्रेजी, विज्ञान र गणित

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

लक्षित समूहः कक्षा १–१२ का विद्यार्थी

सहभागीः सम्बन्धित विषयका शिक्षकहरू

४. सहभागी हुने योग्यता

- सम्बन्धित विद्यालयमा कार्यरत अङ्ग्रेजी, विज्ञान र गणित शिक्षक
- कार्यान्वयन आफैले गर्न
- विद्यालयको सिफारिस पत्र अनिवार्य

५. प्रस्ताव सम्बन्धी प्रावधान

यस कार्यक्रमको मुख्य प्रावधान निम्नबमोजिम हुनेछः

- प्रस्ताव अन्तर्गत प्रति शिक्षक/समूह अधिकतम २ प्रस्तावसम्म पेश गर्न पाईनेछ।
- पेश हुने प्रस्ताव को अधिकतम बजेट रु ५०,००० हुनुपर्नेछ ।
- कार्यक्रम अवधिः ३ देखि ६ महिना भित्रको हुनुपर्नेछ ।
- प्रस्ताव स्पष्ट रूपमा समस्या-आधारित हुनुपर्नेछ ।

६. प्रस्तावको संरचना

यस कार्यक्रम अन्तर्गत पेश हुने प्रस्तावको संरचना अनिवार्य रुपमा निम्नबमोजिम हुनुपर्नेछ ।

- परिचय
- समस्या विश्लेषण
- उद्देश्य
- लक्षित विद्यार्थी समूह

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

- क्रियाकलाप विवरण
- कार्यतालिका
- अपेक्षित उपलब्धि
- सिकाइ मूल्याङ्कन विधि
- बजेट विवरण
- नवीनता र विशेषता
- निष्कर्ष

## ७. प्रस्ताव मूल्याङ्कन प्रक्रिया

यस कार्यक्रमको सूचना प्रकाशित भएको मितिले प्रस्ताव पेश गर्नका लागी १५ दिनको म्याद हुनेछ । सो मिति भित्र पेश हुन आएका प्रस्तावहरु तपसिल बमोजिमको मूल्यााँकन समिति द्धारा मूल्यााँकन गरी उत्कृष्ट प्रस्तावहरु छनौट गरिनेछ ।

### ७.१ मूल्याङ्कन समिति

गाउँपालिका उपाध्यक्ष - संयोजक

प्रमुख प्रशासकीय अधिकृत – सदस्य

सामाजिक विकास समिति संयोजक - सदस्य

शिक्षा शाखा प्रमुख – सदस्य सचिव

### ७.२ मूल्याङ्कन मापदण्ड (१०० अंक)

| क्र.सं. | मापदण्ड | अंक |
|---|---|---|
| १ | समस्या पहिचानको स्पष्टता | १५ |

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २ | समाधानको व्यवहारिकता | २० |
| ३ | नवीनता | २० |
| ४ | सिकाइ सुधारमा प्रभाव | २० |
| ५ | कार्यान्वयन योजना | १० |
| ६ | मूल्याङ्कन विधि | १० |
| ७ | बजेटको यथार्थता | ५ |

न्यूनतम छनौट अंकः ७०

८. छनौट तथा सम्झौता प्रक्रिया

यस कार्यक्रम अन्तर्गत पेश हुन आएका प्रस्तावहरु मध्य मूल्याँकन समितिद्धारा उत्कृष्ट प्रस्तावहरु प्रारम्भिक रुपमा छनौट गरिनेछ ।

शिक्षकसँग विस्तृत कार्यक्रम प्रारुप माथिको छलफल पछी सम्झौता (Agreement) गरिनेछ ।

प्रस्ताव अनुसार कार्यक्रमको लागी आवश्यक भएमा सम्बन्धित शिक्षकलाई पेश्की प्रदान गर्न सकिनेछ ।

९. कार्यक्रम कार्यान्वयन मापदण्ड

- यस प्रस्तावमा छनौट भएको कार्यक्रम कक्षामा नियमित कार्यान्वयन हुनु पर्नेछ ।
- प्रस्तावमा पेश भएको लक्षित विद्यार्थी सहभागिता सुनिश्चित हुनुपर्नेछ ।
- सिकाइ मापन (pre/post test) कसरी र कति पटक गर्ने सो स्पष्ट हुनुपर्नेछ ।

रिजेश उप्रेती
प्रमुख प्रशासकीय अधिकृत

- कार्यक्रम अघि तथा पछिको विध्यार्थी सिकाई अभिलेख राख्नुपर्नेछ ।

## १०. अनुगमन तथा मूल्याङ्कन

प्रस्ताव छनौट भए पश्चात मासिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

कार्यक्रम कार्यान्वयनको चरणमा रहदाँ गाउँपालिकाबाट विद्यालय निरीक्षण हुनेछ ।

कार्यक्रमको फोटो/भिडियो प्रमाण राख्नुपर्नेछ ।

## १०.२ अन्तिम मूल्याङ्कन आधार

छनौट भएको कार्यक्रमको मुख्य मूल्याँकन आधार निम्नबमोजिम हुनेछ ।

- सिकाइ सुधार
- कार्यक्रमको प्रभाव
- नवीनता
- प्रतिवेदन

## ११. शिक्षक पुरस्कार मापदण्ड

यस कार्यक्रम अन्तर्गत छनौट भई कार्यान्वयन भएका प्रस्ताव मध्य उत्कृष्ट कार्यक्रमालई तपसिल बमोजिमको मूल्याँकन गरी

मूल्याङ्कन (१०० अंक)

| **मापदण्ड** | **अंक** |
| --- | --- |
| विधर्यार्थीको सिकाइ सुधार (pre/post) | ३० |
| कार्यक्रम प्रभाव | २० |

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

नवीनता १५

कार्यान्वयन गुणस्तर १५

विद्यार्थी सहभागिता १०

प्रतिवेदन १०

## १२. पुरस्कार तथा सम्मान

श्रेणी पुरस्कार

प्रथम रु ३०,००० + प्रमाणपत्र

द्वितीय रु २०,००० + प्रमाणपत्र

तृतीय रु १०,००० + प्रमाणपत्र

## १३. प्रतिवेदन सम्बन्धी प्रावधान

छनौट भएको प्रस्तावको मासिक प्रतिवेदन अनिवार्य हुन्छ ।

अन्तिम प्रतिवेदनमा उपलब्धि, सिकाइ सुधार तथ्याङ्क, अनुभव,फोटो/प्रमाण समेत अनिवार्य समावेश हुनुपर्नेछ ।

## १६. निष्कर्ष

यो कार्यक्रमले गौरीशंकर गाउँपालिका भित्रका शिक्षकलाई नवप्रवर्तनकर्ता र परिवर्तनकर्ता को रूपमा स्थापित गर्दै विद्यार्थीको सिकाइमा वास्तविक सुधार ल्याउने अपेक्षा गरिएको छ। स्थानीय सन्दर्भमा आधारित समाधानहरूले दीर्घकालीन शैक्षिक

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

सुधारको आधार तयार गर्नेछ। यस कार्यक्रमबाट सिकाई स्तर अभिवृद्धि गर्नका लागी शिक्षकहरुलाई नै मुख्य जिम्मेवारी प्रदान गरी उत्कृष्ट कार्यक्रमहरुलाई गाउँपालिका भरिका विध्यालयहरुमानै कार्यान्वय गर्ने आधार तयार हुनेछ भन्ने गाउँपालिकाले विश्वास लिएको छ।

गौरीशंकर गाउँपालिका
Gaurishankar Rural Municipality
सुरी,दोलखा.२०७३

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत